# माडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १७ मितिः २०८२/०७/२४ गते

भाग - २

माडी नगरपालिका

# माडी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२

# माडी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** माडी नगरपालिकाको समग्र आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा कृषि क्षेत्र रहेको छ। उर्वर कृषि भूमिको रुपमा रहेको माडी नगरको कृषि व्यवसायलाई आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी बनाउँदै उत्पादन लागत घटाउन यान्त्रीकिकरण, प्रविधि र वातावरण मैत्री बनाउँदै बजारीकरणमा जोड दिन जरूरी छ। माडी नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको कृषि तर्फका कार्यक्रम कार्यान्वयन प्रकृयालाई व्यवस्थित बनाउन, बजेट खर्च प्रक्रियामा एकरुपता ल्याउन, कार्यक्रमहरु सुव्यवस्थित, पारदर्शी, प्रक्रियागत स्पष्टता एवं कृषकमैत्री बनाउन, दोहोरो अनुदान निरुत्साहित गर्न कार्यविधि बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न बाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) मा व्यवस्था भएको अधिकार प्रयोग गरी नेपालको संविधानको धारा २१८ बमोजिम माडी नगरकार्यपालिकाले माडी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२ जारी गरेको छ।

## परिच्छेदः १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "माडी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि माडी नगरपालिका भित्र स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क. "नगरपालिका" भन्नाले माडी नगरपालिकालाई जनाउने छ।

ख. "कार्यपालिका" भन्नाले माडी नगरपालिकाको कार्यपालिकालाई जनाउने छ।

ग. "प्रमुख" भन्नाले माडी नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ।

घ. "उपप्रमुख" भन्नाले माडी नगरपालिकाको नगर उपप्रमुखलाई जनाउने छ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माडी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

च. "शाखा" भन्नाले माडी नगरपालिकाको कृषि शाखालाई जनाउने छ।

छ. "शाखा प्रमुख" भन्नाले माडी नगरपालिकाको कृषि शाखाको प्रमुखलाई जनाउने छ।

ज. "छनौट तथा मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ३ अनुसार गठन भएको समितिलाई बुझ्नुपर्छ।

झ. "प्राविधिक "भन्नाले कार्यालयमा कार्यरत वा कृषि विकास शाखावाट खटाईएको सम्बन्धित प्राविधिक जनाउने छ।

ञ. "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई जनाउने छ।

ट. "लाभग्राही/अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषक समूह/कृषि कम्पनी/सहकारी संस्था आदिलाई जनाउने छ।

ठ. "आवेदक" भन्नाले कार्यक्रम संचालनको लागि आवेदन दिएका कृषक समूह, कृषि फर्म, कृषि सहकारी, कृषि कम्पनीलाई जनाउने छ।

ड. "साझेदार" भन्नाले साझेदारीमा कृषि विकास कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गरी छनौट भएका कृषक, कृषि फर्म, कम्पनी, समूह वा सहकारीलाई जनाउने छ।

ढ. "अन्य सहयोगी संस्था" भन्नाले कानुन बमोजिम दर्ता भई माडी नगरपालिकाको कृषि विकास कार्यक्रम संचालनमा थप आर्थिक वा प्राविधिक सहयोग गर्न इच्छुक राष्ट्रिय वा अन्तराष्ट्रिय गैर सरकारी संस्थालाई जनाउने छ।

ण. "उत्पादन सामाग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, जैविक पदार्थ, पोसक तथा सुक्ष्म तत्त्व ,कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत बुझ्नुपर्छ ।

त. "कृषि पूर्वाधार" भन्नाले सार्वजनिक/सामुदायिक/ निजि प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, नर्सरी स्थापना, संरक्षित संरचना, सिंचाई संरचना, कृषि उत्पादन, प्रशोधन र बजार सम्बन्धी विभिन्न पूर्वाधार बुझ्नुपर्छ ।

## परिच्छेदः २
## संस्थागत व्यवस्था

**३. छनौट तथा मूल्याङ्कन समिति**: (१) तोकिएको समय सिमा भित्र बिधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन तथा अनुगमन गरी छनौट गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) कृषि तथा सहकारी विकास समिति संयोजक | -सदस्य |
| (ग) पशुपन्छी तथा मत्स्य विकास शाखा | -सदस्य |
| (घ) कृषि शाखा प्रमुख | -सदस्य |
| (ङ) कृषि शाखा प्रमुखले तोकेको सम्बन्धित कार्यक्रम हेर्ने कर्मचारी | -सदस्य सचिव |

(२) समितिको आवश्यकता अनुसार बैठक बस्न सक्नेछ र दुई जनासम्म विषय विज्ञ वा जनप्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः** दफा ३ बमोजिमको छनौट तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) रितपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदन साथ पेश भएका प्रस्तावको प्रारम्भिक मूल्याङ्कन गर्ने ।

(ग) आवेदन पेश गर्ने समूह, सहकारी, फर्म/कम्पनी वा संस्थाको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) फिल्ड भेरिफिकेसन निरीक्षण एवम् अनुगमन पश्चात मूल्याङ्कनको आधारमा कार्यक्रम संचालनका लागि लाभग्राही छनौट गर्ने ।

(ङ) संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित कृषि कार्यक्रमहरुको कार्यान्वयन गनुपर्ने भएमा सो समेत यसै समिति मार्फत निर्णय तथा अन्य कार्य अगाडी बढाउन सकिनेछ ।

(च) कृषि शाखासँग सम्बन्धित अन्य कार्यक्रमहरुको हकमा छनौट, मूल्याङ्कन तथा प्राविधिक मूल्याङ्कन गर्नु परेमा सो समेत यसै समिति मार्फत गर्न सकिने छ ।

## परिच्छेदः ३
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

**५. सूचना प्रकाशनः** (१) कृषि अनुदानका कार्यक्रम संचालनको लागि शाखा'/नगरपालिकाले आवश्यक कागजात माग गरी अनुसूची १ बमोजिमको २१ दिने सूचना नगरपालिकाको सूचना बोर्ड/वेवसाइट/ स्थानीय पत्रपत्रिका/स्थानीय एफ.एम मार्फत प्रवाह गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार आवेदन नपरेमा ७ दिनको समय सिमा राखी पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

**६. प्रस्तावना सङ्कलनः** प्रकाशित सूचना अनुसार कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीले तोकिए बमोजिमका कागजातहरू सहित अनुसूची ३ बमोजिमको ढाँचामा कार्ययोजना र अनुसूची २ बमोजिमको निवेदन शाखा वा सेवा केन्द्रहरुमा पेश गर्नु पर्नेछ।

**७. मूल्याङ्कन तथा छनौट प्रक्रियाः** छनौट तथा मूल्याङ्कन समितिले अनुसूची ४ बमोजिमको मूल्याङ्कन मापदण्डमा आधारित रही सूचना अनुसार विधिवत रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन तथा लाभग्राही छनौटको निर्णय गर्नेछ। समितिले कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन र अनुसूची ४ बमोजिमका मापदण्डहरुको सूचना गर्नु पूर्व थप विस्तृतिकरण गर्न सक्नेछ।

**८. सम्झौताः** अनुदानका लागि छनौट भएका साझेदारसँग कार्य संचालनको लागि सम्झौता गर्नुपर्नेछ साथै साझेदारले सम्झौताको समयमा कार्यक्रममा दोहोरो अनुदान नभएको भनी अनुसूची ६ बमोजिमको प्रतिवद्धता गर्नुपर्नेछ। सम्झौता पश्चात कार्यक्रम संचालनको लागि शाखा/पालिकाले कार्यदिश दिनुपर्नेछ र कार्यदिशपछि मात्र लाभग्राहीले कार्यक्रम संचालन गर्नुपर्नेछ।

**९. कार्य सम्पन्न प्रतिवेदनः** प्रस्तावना र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्बन्धित लाभग्राहीले वडा कार्यालयको सिफारिस साथ अनुसूची ७ बमोजिमको ढाँचामा प्रगति विवरण र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।

**१०. अनुदान प्रवाह प्रक्रियाः** (१) कार्यक्रमको प्रकृति अनुसार अनुसूची ५ बमोजिम आशिंक तथा पूर्ण अनुदान हुनेछ। अनुसूची ५ मा उल्लेख नभएका कार्यक्रमको हकमा स्वीकृत टिप्पणी र इस्टिमेट अनुसार कार्यक्रम संचालन गरिनेछ।

(२) कार्यालय/शाखाबाट संचालन हुने अभिमुखिकरण कार्यक्रम, तालिम, गोष्ठी, शिविर, भ्रमण आदि कार्यक्रमहरु प्रचलित कानून र मापदण्डलाई आधार मानेर कार्ययोजना बनाई शत प्रतिशतमा संचालन हुनेछन्।

(३) कार्यालय/शाखाले कृषि उत्पादन सामग्रीहरु प्रचलित खरिद कानून बमोजिम खरिद गरी कृषक/ साझेदारहरुलाई अनुदानमा वितरण गर्नेछ वा साझेदारलाई नै सामग्रीहरु खरिद गर्न लगाई नगद अनुदान दिन सक्नेछ।

(४) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम सम्बन्धित कृषकद्वारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नुपर्नेछ। लाभग्राहीले इस्टिमेट र सम्झौता अनुसार सोही आर्थिक वर्षमा सम्पूर्ण कामहरु सक्नुपर्नेछ।

(५) कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले आवश्यक कागजात तयार गरी भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ। प्राविधिकले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा कार्य सम्पन्नताको आधारमा रकम भुक्तानी गर्नुपर्नेछ। साथै अनुगमनमा जाने प्राविधिकले अनुगमन प्रतिवेदन सम्बन्धित शाखालाई दिनुपर्नेछ।

(६) कार्यक्रम संचालनको दौरान लापरवाहीको कारणबाट कुनै प्रकारको मानविय, भौतिक तथा आर्थिक हानी नोक्सानी भएमा वा सम्पन्न भए पश्चातका संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गर्नुपर्ने कार्यहरुको दायित्व र अनुदान सदुपयोगको सम्पूर्ण जिम्मेवारी लाभग्राहीको हुनेछ। नगरपालिका तथा कृषि शाखाले जुनसुकै बेला प्रदान गरिएको अनुदान र सामग्रीहरुको अनुगमन र निरीक्षण गर्न सक्नेछ र अनुदानको दुरुपयोग भएको पाइएमा १००% सम्म जरिवाना गरी प्रचलित ऐन कानुन अनुसार कारवाही गरिनेछ।

**११. अन्य सहयोगी संस्थासँग अनुदान साझेदारी गरी कार्यक्रम संचालन गर्न सकिनेः** (१) यस कार्यविधिमा उल्लेख गरिएका कार्यक्रमहरुको संचालनमा कृषकको लागत न्यूनीकरण गर्ने उद्देश्यले अन्य कुनै सरकारी वा गैरसरकारी संघ/संस्थाले थप आर्थिक सहयोग गर्न चाहेमा सम्बन्धित सहयोगि संस्था वा सम्बन्धित लाभग्राहीले नगर कार्यपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(२) यसरी अनुदान साझेदारी गरी संचालन हुने कार्यक्रममा शाखा, सम्बन्धित लाभग्राही र अन्य सहयोगी संस्थाबीच त्रिपक्षीय सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

## परिच्छेदः ४
## कृषि विकास कार्यक्रमहरु र संचालनका प्राविधिक पक्ष

### १२. आकस्मिक बाली संरक्षण कार्यक्रम

बालीनालीमा अनपेक्षित रोग किराको आक्रमणबाट हुने क्षति न्यूनिकरणका तथा आकस्मिक लाग्ने रोग किराबाट समयमै बचाउन र रोग किराबाट हुने आर्थिक क्षतिलाई कम गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न लागि नगर स्तरबाट आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

१) कृषकहरुको खेतबारी निरीक्षण तथा प्राविधिक सल्लाह प्रदान
२) कृषकहरुलाई क्षति न्यूनीकरणको लागि विषादी वितरण
३) क्षति भएका कृषकहरुलाई क्षति प्रतिवेदनको आधारमा आर्थिक सहयोग
४) रोग किरा तथा प्रकोप पहिचानको लागि आवश्यक परीक्षण र सामग्रीहरु खरिद आदि।

### १३. घुम्ति बाली उपचार/ माटो परीक्षण शिविर संचालन तथा माटो सुधार कार्यक्रम

माडी नगरपालिका क्षेत्र भित्रका कृषकहरुको खेतबारीमा देखापर्ने समस्याहरुको स्थलगत रुपमा विज्ञहरुको सेवा मार्फत समाधानका लागि विभिन्न स्थानहरुमा बाली उपचार तथा माटो परीक्षण शिविर संचालन गरिनेछ। कार्यक्रम संचालन विशेषत कृषिमा हुने अधिक रासायनिक मल, विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावलाई कम गर्ने र तथा माटो जाँच, माटो सुधार र प्राङ्गारिक उत्पादनमा सहयोग पुग्ने गरी गर्नुपर्नेछ।
यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

१) प्रयोगशालाहरुसँगको समन्वयमा निःशुल्क बाली उपचार तथा माटो परिक्षण शिविर संचालन,
२) व्यावसायिक कृषक लक्षित जैविक/वानस्पतिक विषादी र विभिन्न ट्रयाप (पासो) प्रयोग प्रवर्द्धन,
३) माटो परीक्षण मिनि ल्याब संचालन गर्नका लागि आवश्यक उपकरण तथा रसायन खरिद,
४) माटो सुधारका लागि अनुदानमा जिंक, ढैचाको बीउ, कृषि चुन, जिप्सम आदि वितरण,
५) तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन

### १४. रासायनिक बिषादी प्रयोग न्युनिकरण अभियान

माडी नगरपालिकामा प्राङ्गारिक खेति प्रणालीलाई प्रोत्साहन गरि विषादी रहित खाद्य उपजहरुको उत्पादन र वितरणको व्यवस्थाबाट नागरिकहरुको स्वस्थ्य जीवन जिउने अधिकार सुनिश्चित गर्न सहयोग होस भन्ने उद्धेश्यले यो कार्यक्रम संचालन गरिनेछ। यस माडी नगरपालिका क्षेत्र भित्र बिषादीजन्य पदार्थको प्रयोगमा न्यूनिकरण गरी प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तारको लागि कृषकहरुलाई स्थान विशेष प्रविधिको अवलम्बनमा सहजीकरण गर्नु पर्नेछ। कृषि शाखाले रासायनिक विषादीको वैकल्पिक उपायहरूको प्रयोगलाई बढावा दिने, र वातावरणमैत्री कृषि प्रणालीलाई संस्थागत गर्न यस कार्यक्रम मार्फत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

१) तालिम तथा प्रशिक्षण कार्यक्रम संचालनः
- प्राङ्गारिक तथा जैविक मल उत्पादन सम्बन्धी
- विषादीको असर, सुरक्षित प्रयोग र वैकल्पिक उपायहरूको बारेमा।

- जैविक विषादी, फेरोमोन ट्र्याप, बायोपेस्ट, Natural Repellent जस्ता उपायहरूको प्रयोग।

२) डेमो प्लट (प्रदर्शन प्लट) स्थापनाः विषादी न्यूनीकरण प्रविधिको प्रयोग गरिएको खेतमा प्रदर्शन।

३) जैविक विषादी तथा उपकरण वितरणः लक्षित किसानलाई प्रोत्साहन स्वरूप प्राङ्गारिक मल तथा विषादी बनाउन आवश्यक सामग्रीहरु, ट्र्याप, बायोपेस्ट, स्प्रे आदि वितरण।

४) सामाजिक जागरूकता अभियानः

- ब्यानर, पोस्टर, रोड शो, विद्यालयमा रासायनिक बिषादी प्रयोगमा न्युनिकरण कार्यक्रम।
- स्थानीय एफ.एम., फेसबुक पेज, समूहहरू मार्फत प्रचारप्रसार।

## १५. कृषकसँग कृषि प्राविधिक कार्यक्रम

माडी नगरपालिकाका कृषक वर्गमा कृषि शाखाबाट प्रदान हुने सेवा विस्तार गर्ने र कृषि सम्बन्धी तथ्याङ्कहरु अद्यावधिक गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिने छ। कृषि प्राविधिकहरु किसानहरुको खेतबारीमा नै पुगेर किसानको खेतबालीमा देखिएका समस्याहरुको समाधान गर्ने साथै प्राविधिक सल्लाह, तालिम प्रदान गर्नु पर्नेछ। यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिने छ ।

१) कृषि उत्पादन तथ्याङ्क अद्यावधिकका लागि बाली कटानी/क्रप कटिङ :

२) कृषकस्तरीय स्थलगत तालिम

३) कृषक समूह/कृषि सहकारीहरुको निरिक्षण तथा अनुगमन

४) कृषि प्रविधि प्रदर्शनी आदि।

## १६. मागमा आधारित पाइप लाइनिङ कार्यक्रम

माडी नगरपालिकामा रहेका भूमिगत बोरिङ सिंचाईका स्रोतहरुलाई भूमिगत पाईप लाइन मार्फत व्यवस्थित गर्नका लागि यो कार्यक्रम संचालन गरिनेछ। कार्यक्रम संचालनका लागि इच्छुक कृषि फर्म/कम्पनी/कृषि समूह/सहकारीहरुले कार्ययोजना प्रस्ताव सहित आवेदन पेश गर्न सक्नेछन्। माग, आवश्यकता, सम्भावना, लाभग्राहीको संख्याको आधारमा अनुदानग्राहीको छनौट गरिनेछ। लाभग्राही छनौट गर्दा देहायका मापदण्डहरुलाई आधार बनाई छनौट गरिनेछ।

१) बोरिङ्गको अवस्थाः बोरिङ्ग र बोरिङ्ग घर निर्माण भई आवश्यक मोटररपम्प र विद्युत जडान सम्बन्धि सम्पूर्ण कार्य सम्पन्न भई चालू अवस्थामा रहेको ।

२) न्यूनतम ६ इन्चको बोरिङ्ग र ३ इन्चको आउटलेट (Outlet) पाइप भएको ।

३) सिँचाईका लागि सम्भावित क्षेत्रफल न्यूनतम ५ विगाह भएको।

## १७. मागमा आधारित कुलो लाइनिङ कार्यक्रम

नगरपालिका भित्र सिंचाई क्षेत्र बिस्तार, कृषिको उत्पादन एवंम उत्पादकत्वमा वृद्धि गरी कृषकको जिवनस्तर उकास्न र कृषिमा माडीलाई आत्मनिर्भर बनाउन माडी क्षेत्रका सम्पूर्ण खेतीयोग्य जग्गामा सिंचाई पूर्वाधार विकास गर्नका लागि कुलो लाइनिङ कार्यक्रम संचालन गरिनेछ। कार्यक्रम संचालनका लागि इच्छुक कृषि फर्म/कम्पनी/समूह/सहकारीहरुले कार्ययोजना प्रस्ताव सहित आवेदन पेश गर्न सक्नेछन्। माग, आवश्यकता,

सम्भावना, लाभग्राहीको संख्याको आधारमा अनुदानग्राहीको छनौट गरिनेछ । लाभग्राही छनौट गर्दा देहायका मापदण्डहरुलाई आधार बनाई छनौट गरिनेछ ।

१) सम्भाव्यता अध्ययन

- कुलो अवस्थित क्षेत्रको सिंचाई अभाव कस्तो छ भन्ने प्राविधिक मूल्यांकन,
- पानीको चुहावट/हानि हुने अवस्था,
- प्राविधिक हिसाबले कुलो लाइनिङ गर्न सकिने वा नसकिने,
- निर्माण पछि दिर्घकालिन रुपमा दिगो हुने/नहुने अवस्था,
- उक्त कुलोबाट प्रत्यक्ष लाभान्वित हुने किसानको संख्या,

२) प्राथमिकता मापदण्ड

- लाभान्वित हुने किसानहरुको संख्या तथा सामूहिक/समूहगत प्रस्तावलाई उच्च प्राथमिकता,
- महिला, दलित, पिछडिएका समुदायको सहभागिता
- सिंचाई अभाव भएको क्षेत्र,
- बाढी कटान जस्ता जोखिम कम हुने क्षेत्र,
- बढी उत्पादन दिने सम्भावना भएको क्षेत्र,
- न्यूनतम ५ विगाहा खेतीयोग्य जमिनमा सिंचाई सम्भावना भएको,

**१८. मागमा आधारित कृषि कार्यक्रम**

माडी नगरपालिका क्षेत्र अन्तर्गतका कृषक समूह/कृषि फर्म/कृषि सहकारी/कृषि कम्पनीले माडी नगरपालिकाको अन्य कृषि कार्यक्रमहरुमा समावेश नभएको तर माडी नगरमा कृषि व्यवसाय विकास एवं प्रवर्द्धनमा टेवा पुऱ्याउन सहयोग पुग्ने कृषि कार्यक्रमहरु संचालन गर्न यो कार्यक्रम संचालन गरिने छ।

मागमा आधारित कृषि कार्यक्रम संचालनका लागि लक्षित क्रियाकलाप र क्षेत्रहरुः

१) उत्पादन केन्द्रित क्रियाकलापहरुः

- बहुवर्षिय फलफूल खेती
- तरकारी तथा मसला बाली खेती
- पुष्प खेती
- रैथाने बाली (फापर, कोदो, पिंडालु) खेती
- तेलहन बाली खेती
- मौरीपालन
- च्याउ खेती

२) कृषि जन्य बाली वस्तुहरुको प्रवर्द्धनका

- बीउ, बेर्ना, मल, विषादी, सुक्ष्म खाद्य तत्व लगायतका उत्पादन सामाग्री सहयोग
- सिंचाई संरचना निर्माण, मर्मत सुधार तथा सिंचाईका लागि आवश्यक सामग्री खरिद

- तरकारी, च्याउ तथा पुष्प खेती तथा नर्सरी व्यवसायका लागि संरक्षित संरचना लगायतका पूर्वाधार निर्माण
- कृषि उपजको उत्पादनमा आवश्यक यन्त्र उपकरण तथा नविनतम प्रविधि अबलम्वनमा सहयोग
- बाली अनुसार आवश्यक कृषि पूर्वाधार निर्माणमा सहयोग
- उत्पादनोपरान्त प्रविधिः भण्डारण, प्रशोधन तथा बजारीकरण सहयोग
- प्राविधिक सहयोग

### १९. इको माडी प्रवर्द्धन कार्यक्रम

जलवायु परिवर्तन, भूमि उपभोगको असन्तुलन र रासायनिक पदार्थको अत्याधिक प्रयोगले कृषिको दिगोपनामा गम्भीर असर पार्दै आएको सन्दर्भमा माडी नगरपालिका कृषि शाखाले वातावरण मैत्री (Eco -Friendly) तथा दिगो कृषि प्राणालीको प्रवर्द्धन गर्न, रासायनिक मल तथा विषादीको विकल्प स्वरूप जैविक प्रविधिहरु प्रयोगमा ल्याउनु र कृषि उत्पादनमा गुणस्तर तथा उपभोक्ताको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने उदेश्यले " इको माडी प्रवर्द्धन कार्यक्रम" संचालन गर्ने निर्णय गरेको हो ।

यस कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने गतिविधिहरुः

१) जैविक मल (Compost/Vermi-compost) उत्पादन प्रवर्द्धन
२) आई पी एम प्रविधि सम्बन्धी प्रशिक्षण र प्रयोगमा सहयोग
३) स्थानीय बीउ बिजनको संरक्षण र प्रयोगमा सहयोग
४) जैविक खेतीका लागि टनेल/नेट हाउस निर्माणमा अनुदान
५) प्रदर्शनी प्लट (Demo Plot) अन्तर्गत शाखाले नविन प्रविधिहरु खोज, अनुसन्धान तथा खरिद गरि कृषकहरुमाझ संचालन तथा प्रयोग गर्न सक्नेछ। शाखाले आवश्यकता अनुसार स्थान निर्धारण गरी कार्यक्रम संचालन गर्न सक्नेछ।
६) वातावरण संरक्षणका लागि जडिबुटी/पुष्प तथा फलफूलजन्य विरुवा रोपण
७) रैथाने बालीको बीउ किट वितरण

### २०. नविनतम खेती प्रविधि प्रवर्धन तथा हस्तान्तरण कार्यक्रम

राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा बिकास तथा विस्तार भएका नविन प्रविधि तथा सिप कौशललाई माडी क्षेत्रको माटो सुहाउँदो परिवेश अनुसार भित्राई कृषकमाझ सो प्रविधिलाई अनुकुलन गराउन तथा हस्तान्तरण गर्न, कृषि क्षेत्रका नविनतम बालीहरुको खेति भित्राउन तथा क्षेत्रफल विस्तार गरी उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि नविनतम खेति प्रविधिमा अनुदान कार्यक्रम संचालन गरिनेछ। नयाँ बजारमुखी तथा प्रविधिमैत्री क्रियाकलापहरुलाई प्रोत्साहन गरिनेछ। कार्यक्रमको विस्तृत प्रस्तावना, सम्भावना र लाभग्राही संख्याको आधारमा अनुदानग्राही छनौट गर्नुपर्नेछ।

### २१. विपन्न आयआर्जन कृषि कार्यक्रम

कृषि उत्पादन र बजारीकरणमा आधारित भई विपन्न वर्गको जिविकोपार्जनमा सहयोग पुग्ने क्रियाकलापहरु समावेश गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। कृषि पेशामा संलग्न वा इच्छुक सामाजिक/आर्थिक रुपमा विपन्न वर्गहरुले एकल वा समूहकृत भई आवेदन पेश गर्न सक्नेछन्।

## २२. कृषि सम्बन्धी दिवस बैठक अनुगमन, गोष्ठी अन्तरक्रिया कार्यक्रम

कृषि क्षेत्रको समग्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषकलाई कृषि व्यवसायमा गर्न, कृषि सम्बन्धि प्रविधि र सुचना मुलक सामाग्री प्रचार प्रसार, जनस्तरमा कृषि सम्बन्धि विषयमा चेतना जगाउने लागायत उद्देश्यका साथ कृषि सम्बन्धि विभिन्न दिवसहरु मनाउन सकिनेछ। शाखाले कृषि क्षेत्रमा महत्वपुर्ण मानिएका दिवसहरु जस्तै विश्व खाद्य दिवस, जैविक विविधता दिवस, माटो दिवस, राष्ट्रिय धान दिवस, विश्व वातावरण दिवस, मह दिवस, विषादि प्रयोग मुक्त सप्ताह लगायत अन्य दिवसहरु संचालन गर्न सक्नेछ। कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरुको स्थलगत अनुगमन बैठक तथा निरीक्षण गर्न सकिनेछ। अनुगमन तथा निरीक्षण गर्ने प्राविधिकले अनुसूचि ८ बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ साथै अनुगमन जाने प्राविधिकलाई नियमानुसार अनुगमन खर्च दिन सकिनेछ। दिवसहरु मनाउनका लागि निम्नानुसारका क्रियाकलापहरु समेटिन सकिनेछ।

१) सचेतनामुलक सामाग्री सहितको प्रभातफेरी/ र्‍याली
२) जनचेतनामूलक गोष्ठि/सेमिनार
३) प्रतिस्पर्धात्मक प्रतियोगिता एवं पुरस्कृत गर्ने कार्यक्रम
४) प्रविधि प्रसार एवं सहयोग कार्यक्रम
५) प्रचार/प्रसार सामाग्रीको उत्पादन, प्रकाशन एवं वितरण

## २३. विभिन्न बालीहरुको प्रवर्द्धन कार्यक्रम

पालिकाको प्राथमिकता अनुसारका बाली/वस्तुहरुमा व्यवसायिकीकरण र आधुनिकीकरण मार्फत स्थानीय मागको पूर्ती र समग्र पालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन यस कार्यक्रम संचालन गरिनेछ । गुणस्तरीय बिउ/बेर्ना तथा नश्लको प्रयोग, उन्नत प्रविधिको प्रयोग, आवश्यक कृषि पूर्वाधार निर्माण तथा सुदृढीकरण र उत्पादित वस्तुको विविधिकरण मार्फत कृषि व्यवसायलाई व्यवसायिक र नाफामुखी बनाई कृषि उपजहरुको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सघाउ पुर्‍याउँदै कृषकको आयस्तरमा सुधार गर्न यस कार्यक्रमले सहयोग गर्नेछ।

यस कार्यक्रम अन्तर्गत खाद्यान्न, दलहन, तेलहन, रैथाने बाली, फलफूल, तरकारी बाली, मसला बाली, मौरी, च्याउ, लगायतका स्वीकृत कार्यक्रममा तोकिएका बालीहरुको प्रवर्द्धन हुने कार्यक्रम संचालन गर्न सकिनेछ। कृषि जन्य बाली वस्तुहरुको प्रवर्द्धनका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

१) बीउ, बेर्ना, मल, विषादी, सुक्ष्म खाद्य तत्व लगायतका उत्पादन सामाग्री सहयोग
२) सिंचाई संरचना निर्माण, मर्मत सुधार तथा सिंचाईका लागि आवश्यक सामाग्री खरिद
३) तरकारी, च्याउ, पुष्प खेती तथा नर्सरी व्यवसायका लागि संरक्षित संरचना लगायतका पूर्वाधार निर्माण
४) बाली/वस्तु उत्पादनमा आवश्यक यन्त्र उपकरण तथा नविनतम प्रविधि अबलम्वनमा सहयोग
५) बाली/वस्तु अनुसार आवश्यक कृषि पूर्वाधार निर्माणमा सहयोग
६) उत्पादनोपरान्त प्रविधिः भण्डारण, प्रशोधन तथा बजारीकरण सहयोग
७) बाली प्रदर्शनी, अभिमुखीकरण तालिम आदि।

### २४. विद्यालय कृषि प्रवर्द्धन कार्यक्रम

माडी नगरपालिकामा अध्ययनरत बालवालिकाहरुलाई कृषि सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्न, जागरुक बनाउन र आधारभूत सीप सिकाउनको लागि यो कार्यक्रम संचालन गरिनेछ। विद्यार्थीहरूमा। विद्यार्थीहरूलाई विषादीको उचित प्रयोगबारे सचेत गराई असल कृषि अभ्यासलाई प्रोत्साहित गर्ने र बालबालिकालाई कृषि उत्पादनको आधारभूत ज्ञान तथा व्यवहारिक सीप सिकाउने यस कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ। यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

१) विद्यालयहरुसँगको समन्वयमा सचेतनामूलक कार्यक्रम संचालन,

२) खेतीपाती सम्बन्धी विद्यार्थीहरुको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न उत्पादन कार्यक्रम संचालन,

३) असल कृषि अभ्यास, विषादीको सही प्रयोग, करेसाबारी र घर बगैंचा स्थापना, खाद्य सुरक्षा तथा पोषण जस्ता विषय वस्तुमा तालिम

४) विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान प्रदान गर्नको लागि नजिकैको कृषि फार्ममा भ्रमण।

## परिच्छेदः ५
## कृषि कार्यक्रम कार्यान्वयन खर्च मापदण्ड

### २५. कृषि कार्यक्रम कार्यान्वयनको नर्म्स तथा मापदण्डः

**(१) उन्नत बीउ तथा तरकारी बीउ मिनीकिट वितरण**

तरकारी बीउ मिनीकिट सिजन अनुसार बढीमा आधा कठ्ठा क्षेत्रफललाई हुने गरी निःशुल्क वितरण गर्न सकिने छ। साथै उन्नत बीउ वितरण गर्दा सिजन अनुसार बालीको उन्नत बीउ ५०% अनुदानमा वितरण गर्नुपर्नेछ। विनियोजित बजेटबाट ढुवानी खर्च, प्याकिङ्ग खर्च र सामग्रीहरुको लागि आवश्यक रकम स्थानीय जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा पालिका कृषि शाखाले नै खरिद गरी वितरण गर्नुपर्नेछ।

(२) **गोष्ठी/ सेमिनार, तालिम तथा अन्तर्क्रिया**

कृषक, जनप्रतिनिधी तथा सरोकारवालाहरुसँगको सहकार्यमा विभिन्न दिवस मनाउन, समसामयिक बिषयमा छलफल गर्न र समस्याहरुको समाधानको लागि नगरपालिका कृषि शाखाले आवश्यकता अनुसार गोष्ठी सेमिनार तथा अन्तर्क्रिया कार्यक्रमहरु प्रचलित ऐन/कानुन अनुसार कार्ययोजना स्वीकृत गराई संचालन गर्नुपर्नेछ। विनियोजित बजेटबाट कार्यक्रममा सहभागीहरुलाई नियमानुसार सहभागी भत्ता र यातायात खर्च दिन सकिनेछ।

(३) **फलफूल विरुवा वितरण**

उत्पादन क्षेत्रमा तथा कृषकको मागको आधारमा विभिन्न जातका फलफूलका बोट बिरुवाहरु प्रचलित सार्वजनिक खरिद ऐन/कानुन बमोजिम खरिद गरी पचास देखि शत प्रतिशत अनुदानमा वितरण गर्नुपर्नेछ। विनियोजित बजेटबाट स्थानीय जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी सामग्री ढुवानीमा समेत खर्च गर्न सकिनेछ।

**(४) अनुगमन र निरीक्षण**

विभिन्न कृषि कार्यक्रमहरुको कार्यान्वयनको गर्न तथा कृषकहरुको खेतबारीमा देखिने विभिन्न समस्या समाधानको लागि स्थलगत अनुगमन तथा निरीक्षण गर्न जाने प्राविधिकलाई नियमानुसार खाजा/खाना तथा यातायात खर्चको दिइनेछ र स्थलगत अनुगमन तथा निरीक्षणमा जाने प्राविधिकले अनुसूची ८ बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ।

**(५) बाली कटानी वा क्रप कटिङ**

विभिन्न बालीहरुको उत्पादन र उत्पादकत्व सम्बन्धी आँकडा संकलन गर्न प्रति बाली कटानीमा स्थानीय/जिल्ला दररेट अनुसार १ दिनको ज्यामी-ज्याला बराबरको रकम खर्च गर्न सकिनेछ। अन्य क्रियाकलापहरुमा निम्न बमोजिम खर्च गर्न सकिनेछ।

| **क्र.सं.** | **विवरण** | **ईकाइ** | **खर्च नर्म्स (रु)** |
|---|---|---|---|
| १ | क्षतिपूर्ति बापत कृषकलाई बुझाउनुपर्ने रकम | ५ वर्ग मिटर/बाली | रु ३०० |
| २ | प्राविधिकलाई खर्च (क्रप कटिङ्ग, थ्रेसीङ्ग, सुकाउने, तौलने, भण्डारण आदि बापत) | ५ वर्ग मिटर/बाली | रु ५०० |

**(५) बाली उपचार शिविर संचालन**

| **सि.नं.** | **खर्चको विवरण** | **इकाई** | **खर्च नर्म्स (रु)** | |
|---|---|---|---|---|
| १ | समय अवधि | दिन | १ | |
| २ | प्रचार प्रसार (एफ.एम., पर्चा, माईकिङ आदि) | एकमुस्ट | २००० | |
| ३ | बाली उपचार शिविर संचालन सामग्री (एप्रोन, क्याप, चक्कु, कैंची, लेन्स, भाईल, पेपर, केमिकल्स आदि) | एकमुस्ट | २००० | |
| ४ | फ्याक्ट सिट, ब्यानर छपाई | एकमुस्ट | ३००० | |
| ५ | स्टेशनरी (रजिस्टर, कलम आदि) | एकमुस्ट | १००० | |
| ६ | बाली उपचार शिविर संचालन व्यवस्थापन खर्च (चिया, खाना/खाजा, इन्धन आदि) | एकमुस्ट | ७००० | |
| ७ | प्रतिवेदन तयार | पटक | १००० | |
| ८ | विषादी रहित सामग्री वितरण (फेरोमेन ट्र्याप, ल्युर, स्टिकि ट्र्याप आदि) | एकमुस्ट | ८००० | |
| ९ | बाली विशेषज्ञलाई आतेजाते खर्च | रु/व्यक्ति | १००० | |
| १० | विषेशज्ञ र प्राविधिक खर्च<br>अधिकृत स्तर<br>सहायक स्तर | रु/दिन<br>रु/दिन | २५००<br>१५०० | २ जना सम्म<br>२ जना सम्म |

कृषि कार्यक्रमहरुको अन्य क्रियाकलापहरुमा खर्च गर्दा प्रचलित ऐन/कानुन बमोजिम कार्ययोजना स्वीकृत गराई गरिने छ।

## परिच्छेदः ६
## विविध

२६. **अनुगमन तथा मुल्यांकन व्यवस्थाः** नगरपालिका कृषि शाखा तथा समितिबाट नियमित अनुगमन गर्नुपर्नेछ। अनुगमन तथा मूल्यांकनको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२७. **कारवाहीको सम्बन्धी व्यवस्थाः** प्रस्ताव स्वीकृत भएका कृषि कार्यक्रमहरु अनुदानग्राहीबाट सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानूनबमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गर्नुपर्नेछ छ।

२८. **प्रचलित कानून लागू हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ साथै यस कार्यविधिले सम्बोधन गर्न नसकेका कार्यक्रमहरुको हकमा प्रचलित कानूनहरुको आधारमा स्वीकृत बजेट अनुसार कार्ययोजना प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई कार्यान्वयन गर्न सकिनेछ।

२९. **कार्यविधि संशोधन तथा परिमार्जनः** नगर कार्यपालिकाको कार्यालयले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

## अनुसूची १
## अनुदान कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना ।      सूचना ।।      सूचना ।।।**

**प्रथम पटक सूचना प्रकाशित मिति......................**

माडी नगरपालिका नगर कार्यपालिकाको चालु आ.व. ..................को स्थानीय कार्यक्रम अन्तर्गत तपसिल अनुसारका अनुदान कार्यक्रमहरु रहेको हुँदा इच्छुक कृषक/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति .........................गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला। पूनश्चः आवेदन साथ आवेदन फारममा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नुपर्नेछ र रित नपुगी  वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। साथै गत आ.व. मा अनुदान पाएका कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमीहरुलाई अनुदानमा कम प्राथमिकता दिइने व्यहोरा जानकारी गराईन्छ।

**<u>तपसिल</u>**

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. | लक्षित वर्ग | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**<u>संलग्न गर्नुपर्ने कागजातहरुः</u>**

१. अनुसूची-२ अनुसारको आवेदन फारम,
२. अनुसूची-३ अनुसारको संक्षिप्त कार्य योजना,
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र अख्तियारी पत्र
४. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि (संस्था/कृषि फर्मको हकमा),
५. गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि (संस्था/कृषि फर्मको को हकमा),
६. वडा कार्यालयको सिफारिस पत्र
७. फर्म, समूह, समिति र सहकारी सम्वन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि,
८. संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि,
९. जग्गा धनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि, जग्गा भाडामा भए कम्तिमा ५ बर्षको करार गरिएको सम्झौतापत्रको प्रतिलिपि, ऐलानी जग्गाको हकमा निस्सा र भोगचलन सिफारिस पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

## अनुसूची २
## साझेदारले पेश गर्ने आवेदन ढाँचा

मितिः .................................

श्री कृषि शाखा,
माडी नगरपालिका, चितवन ।

**विषय : कार्यक्रम माग गरिएको वारे ।**

महोदय,
प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०८२/ / गते प्रकाशित सूचना बमोजिम ........................................................................................ कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौं/छु । मैले/हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु ।

| क.स. | आवश्यक कार्यक्रम /सामाग्री | संख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**स्वघोषण :** यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालय बाहेक अन्य संघ संस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु/छौ ।

**निवेदक :**

दस्तखत :
निवेदकको नाम :
पद :
संस्थाको नाम :
ठेगाना :
फोन नं. :
छाप :

## अनुसूची ३
## संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नाम : ..........................................................................................

लाभग्राही संख्याः  महिला................  पुरुष..................  जम्मा..................

आदिबासी......... जनजाती......... दलित........ (ब्राम्हण/क्षेत्री)....... अन्य......  जम्मा......

ठेगाना :माडी नगरपालिका, वडा नं. : ..........  गाउँ/टोल : ........................................

| |
|---|
| क) संचालन गर्न खोजेको खेती व्यवसाय/कार्यक्रमको नाम : |
| ख) व्यवसायको उद्देश्यहरु : |
| १. |
| २. |
| ३. |
| ग) सहयोग स्वरुप माग गरेको कार्यक्रम/सामाग्री र संख्या : |
| १. |
| २. |
| ३. |
| घ) आफ्नो लगानी : .................................................. |
| ङ) खेती व्यवसायले वातावरण वा समुदायमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ? ........................... |
| च) भावी योजना : |

खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल ............... कठ्ठा

प्रत्यक्ष रोजगारी संख्या...........

खेती/ब्यवसाय गरेको भए, विगत कति वर्ष देखि निरन्तर गरि रहेकोरु वर्ष........... महिना...........

खेती/व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक/संस्था  ख) वाहिरबाट  ग) दुवै

आर्थिक योजनाको ढाँचा :

| क्र.स. | कार्यक्रम/सामग्री | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

| क्र.स. | कार्यक्रम/सामग्री | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| कुल लागत अनुमान रु. | | | | | | |
| नगरपालिकाको अनुदान रु. | | | | | | |
| लाभग्राहीको स्वलगानी रु. | | | | | | |

**कार्ययोजना पेश गर्नेको**

नाम :

दस्तखत :

छाप :

## अनुसूची ४
## मूल्याङ्कनका आधारहरु

कार्यक्रमहरुमा पेश भएका प्रस्तावहरु मूल्याङ्कनको आधारहरु निम्न बमोजिमको हुनेछ। मूल्याङ्कन समितिले मूल्याङ्कनका आधारहरुलाई थप विस्तृत रुपमा विश्लेषण गर्दा आधारहरुको भार परिवर्तन नहुने गरी थप वर्गीकरण गर्न सक्नेछन् ।

| **क.स** | **मूल्याङ्कन को आधार** | **मूल्याङ्कन प्राप्ताङ्क** | | |
|---|---|---|---|---|
| | शीर्षक/अङ्कभार | न्यून | मध्यम | उत्तम |
| १ | प्रस्तावना र रोजगार सिर्जना | ० | १० | २० |
| २ | आवश्यक न्यूनतम मापदण्ड र प्रक्रिया | ० | १० | २० |
| ३ | आवश्यकता र सम्भाव्यता | ० | १० | २० |
| ४ | लक्षित क्षेत्र र वर्ग | ० | १० | २० |
| ५ | नविनतम प्रविधि अवलम्बन र प्रसार | ० | १० | २० |
| | जम्मा | | | १०० |

- यसमा प्रस्तुत आधारहरुलाई मूल्याङ्कन प्रयोजनका लागी समितिले Sub-criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिनेछ ।
- प्रस्तावक छनौट तथा मूल्याङ्कन समितिले स्थलगत प्रमाणीकरणका आधारहरुलाई कार्यक्रम अनुसार Sub-criteria बनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ ।

**अनुसूची ५**
**अनुदान विवरण**

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत (लागतको आधारमा) | कैफियत |
|---|---|---|---|
| १. | घुम्ती प्लान्ट क्लिनिक तथा माटो परिक्षण शिविर संचालन | १००% तर कृषि चुन लगायत सामग्री वितरण ७५% | शाखाबाट |
| २. | रासयानिक बिषादी प्रयोग न्यूनीकरण अभियान | १००% | शाखाबाट |
| ३. | कृषकसँग कृषि प्राविधिक कार्यक्रम | १०० % | शाखाबाट |
| ४. | मागमा आधारित पाइप लाइनिङ कार्यक्रम | ८० % | माग अनुसार |
| ५. | मागमा आधारित कुलो लाइनिङ कार्यक्रम | ८० % | माग अनुसार |
| ६. | मागमा आधारित कृषि कार्यक्रम | ५०% तर कृषि पूर्वाधार निर्माणमा ७०% | माग अनुसार |
| ७. | इको माडी प्रवर्द्धन कार्यक्रम | ५०% तर कृषि पूर्वाधार निर्माणमा ७०% | माग अनुसार |
| ८. | नविनतम खेति प्रविधि प्रवर्द्धन तथा हस्तान्तरण कार्यक्रम | ५०% तर कृषि पूर्वाधार निर्माणमा ७०% | माग अनुसार |
| ९. | विपन्न आयआर्जन कार्यक्रम | ९०% | माग अनुसार |
| १०. | विभिन्न बालीहरुको प्रवर्द्धन कार्यक्रम | ५०% तर कृषि पूर्वाधार निर्माणमा ७०% | माग अनुसार |
| ११. | विद्यालय कृषि प्रवर्द्धन कार्यक्रम | ८०% | माग अनुसार |
| १२. | आकस्मिक बाली संरक्षण कार्यक्रम | १०० % | शाखाबाट |

***नोट*** *: कार्यक्रम संचालन गर्दा अनुदान प्रतिशत वा रकम नखुलेको हकमा स्वीकृत टिप्पणी र इस्टिमेट बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ ।*

## अनुसूची ६
## प्रतिबद्धता पत्र

माडी नगरपालिकाको मिति २०८२/..../.... गतेको सूचना अनुसार........................................ ....................कार्यक्रम लागत साझेदारीमा संचालन गर्नका लागि म/हाम्रो समूह/सहकारी/फर्म/कम्पनी छनौट भई सम्झौताका लागि निवेदन पेश गरेको/का छु/छौं। उक्त कार्यक्रमको लागत इष्टिमेटमा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौं। कार्ययोजना अनुसारको कार्य नगरेमा माडी नगरपालिकावाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला बुझाउँला। यस कार्यक्रम वा यसै प्रकृतिको कार्यक्रम संचालनार्थ अन्य सरकारी संस्थाबाट दोहोरो सुविधा नलिएको सो–घोषणा गर्दै संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौ।

साझेदारको तर्फबाटः

नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.ः
दस्तखतः
मितिः
छापः

| दायाँ | बाँया |
|---|---|
| | |

## अनुसुची ७
## अनुदान कार्यक्रमको प्रगति विवरण पठाउने फारमको ढाँचा

१. कृषक/उद्यमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्थाको
नामः-
ठेगानाः-
२. संचालित खेती व्यवसायको
नामः-
ठेगानाः-
३. आ.वः.-
४. प्रगति प्रतिवेदन अवधीः- चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानका लागी सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानीय बजारको विक्रि मूल्यः-

१. .............................. २. ................................ ३. ...............................

कृषक/उद्यमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्थाको
नामः-
पदः-
दस्तखतः-
मितिः-
ठेगानाः-
सम्पर्क नं.ः-

**अनुसूचि ८**

**स्थलगत अवलोकन तथा निरीक्षणमा खटिने प्राविधिकले पेश गर्नुपर्ने प्रतिवेदनको नमुना**

प्राविधिकको नामः

पद/तहः स्थलगत अवलोकन तथा निरीक्षणमा गएको मितिः

कार्यरत निकाय/शाखाः

संस्था/कृषकको नामः

ठेगानाः

बालीको अवस्थाः

| **क्र.स.** | **बाली** | **क्षेत्रफल** | **उत्पादन** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

देखा परेको स्थितिः

कार्यक्रम नामः

संचालित वा संचालन गर्ने क्रियाकलापहरुः

सम्बन्धित कृषकको हस्ताक्षरः

सम्पर्क नंः

---

अनुगमनकर्ताको राय/सुझावः

प्रतिवेदन पेश गर्नेको हस्ताक्षरः

मितिः